## वीरेन्द्रनगर नगरपालिका

# स्थानिय राजपत्र

**खण्ड : ४** **संख्या : ४** **मिति : २०७९/११/०८**

## भाग १

## स्थानीय उद्योग दर्ता, संचालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन. २०७८

**प्रस्तावना:** स्थानीय तहको लघु, घरेलु तथा साना उद्योगको दर्ता, नविकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ (५) को (घ), औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ६१ र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगरपालिकाको दशौ नगर सभाबाट यो ऐन पारित गरी जारी गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "वीरेन्द्रनगर नगरपालिकाको स्थानीय उद्योग दर्ता, संचालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन २०७८ " रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृति भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "प्रमुख" भन्नाले नगर प्रमुख लाई सम्झनु पर्दछ ।

(ख) "उपप्रमुख" भन्नाले नगर उपप्रमुख लाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(घ) " नगरपालिका " भन्नाले वीरेन्द्रनगर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) " शाखा" भन्नाले नगरपालिकाको स्थानीय उद्योग सम्बन्धी विषय हेर्ने शाखा वा उपशाखा सम्झनुपर्दछ ।

(छ) "घरेलु उद्योग" भन्नाले दफा १७ को उपदफा (१) खण्ड (ख) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(ज) "लघु उद्यम" भन्नाले दफा १७ को उपदफा (१) खण्ड (क) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(झ) "वातावरणिय अध्ययन प्रतिवेदन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायबाट निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मुल्यांकन सम्झनु पर्छ ।

(ञ) “स्थानीय उद्योग” भन्नाले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने उद्योगलाई जनाउँछ । सो शब्दले स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित लघु, घरेलु तथा साना उद्योगलाई र संघिय तथा प्रदेश कानूनले स्थानीय तहले दर्ता, व्यवस्थापन र नियमन गर्ने भनि तोकेको उद्योगलाई समेत बुझाउँछ ।

(ट) “कार्यालय” भन्नाले वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) “साना उद्योग” भन्नाले दफा १६ को उपदफा (१) खण्ड (ग) बमोजिमको उद्योगलाई सम्झनु पर्दछ ।

(ड) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद – २

## स्थानीय उद्योग दर्ता र नियमन

**३. उद्योग दर्ता गर्नु पर्ने :**

(१) यस नगरपालिका भित्र दफा १६ बमोजिम स्थानीय उद्योगको स्थापना वा संचालन गर्नका लागि यस ऐन बमोजिम दर्ता गराउनु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित संघिय औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भई यस नगरपालिकाको भौगोलिक क्षेत्र भित्र सञ्चालनमा रहेका स्थानीय उद्योगले यस ऐन बमोजिम पुन: दर्ता गराउनु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको उद्योगले यस ऐन बमोजिम नविकरण गर्नुपर्नेछ र कार्यालयले यस ऐन बमोजिम नियमन गर्ने छ ।

**४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :**

(१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए नेपाल सरकारको प्रचलित कानून बमोजिम हुने छ।

(ख) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्सांकन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारी उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौताको प्रतिलिपि,

(च) उद्योग स्थापना गर्ने नगरपालिकाको सम्बन्धीत वडाको सिफारिस,

(छ) जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपि र अर्काको जग्गा भए मन्जुरीनामा पत्र

(ज) नगरपालिकाले तोकेको अन्य आवश्यक कागजात।

**५. उद्योग दर्ताको सिफारिस लिनुपर्ने :-**

(१) स्थानीय उद्योग बाहेक अन्य उद्योग नगरपालिका भित्र दर्ता र संचालन गर्नका लागि उद्योग दर्ता गर्ने निकायले तोकेको कागजात सहित कार्यालयमा सिफारिसका लागि तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले तोकिए बमोजिम सिफारिस गर्न सक्नेछ।

**६. उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने :**

(१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पुरा भएको देखिएमा निवेदन परेको पन्ध्र

दिनभित्र  कार्यालयले निवेदन माग भए बमोजिमको उद्योग दर्ता गरि तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उद्योग दर्ता गरेपछि वातावरणिय अध्ययन प्रतिवेदन गर्नुपर्ने भएमा कानून बमोजिम गरेपछि मात्र उद्योग स्थापना, संचालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात सात दिनभित्र  कार्यालयले निवेदकलाई पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ;

(क) उद्योग दर्ताको प्रमाणपत्र जारि भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने सर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य सर्तहरु ।

(५) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन वा सिफारिस अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धीत निवेदकलाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित सर्तहरुको पालना गर्नु पर्नेछ ।

७. **वातावरणमा प्रतिकुल असरको निराकरण गर्नुपर्ने :**

(१) उद्योग संचालनको क्रममा वातावरणमा पर्न सक्ने प्रतिकुल असर पर्न गएमा वातावरण असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धीत उद्योगको हुनेछ ।

(२) कार्यालयले वातावरण लगायत दिएको अन्य निर्देशन पालना गर्ने सम्बन्धीत उद्योगको दायित्व हुनेछ ।

**८. व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने:**

(१) यस ऐन बमोजिम दर्ता भएको स्थानीय उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी कार्यालयलाई तोकिए बमोजिमको ढाँचामा निवेदन दिई गराउनुपर्नेछ ।

(२) कुनै उद्योग उपदफा (१) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्र उल्लेखित अवधि समाप्त भएको मितिले १ महिनाभित्र त्यस्तो प्रमाणपत्र उल्लेखित अवधि बढाउनका लागि कार्यालय समक्ष निवेदन दिन सक्नेछ । तर अनुमतिपत्र लिनु पर्ने बाहेकका यो ऐन लागु हुनु अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत संचालन वा उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा यो उपदफा प्रारम्भ भएको मितिले १ महिनाभित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा कार्यालयले त्यस्तो उद्योगको संचालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ । तर उपदफा (२) बमोजिम दिइएको निवेदनको हकमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगाएतको कामको प्रगती हेरी लघु उद्योगको हकमा पाँच हजार, घरेलु उद्योगको हकमा दश हजार र साना उद्योगको हकमा प्रति वर्ष पच्चीस हजारका दरले जरिवाना लिई उद्योग संचालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधी बढाउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएमा सम्बन्धीत उद्योगले सो अवधिभित्र उद्योगको संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग संचालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वत: खारेज हुनेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र खारेज भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई खारेज भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख गरि जानकारी सम्बन्धीत व्यक्तिलाई दिनु पर्नेछ।

**९. अनुगमन गर्ने :**

(१) कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित सर्तहरुको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्नेछ।

(२) उद्योग दर्ता गर्ने निकायले उपदफा (१) बमोजिमको अनुगमनको शिलशिलामा सम्बन्धीत उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धीत उद्योगको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग संचालनमा कुनै किसिमको समस्या
भएको देखिएमा सम्बन्धीत उद्योगसँग परामर्श गरि कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सिफारिस तथा समन्वय गर्न सक्नेछ।

**१०.उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने :**

(१) कुनै एक ठाउँमा संचालन गर्ने गरि दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु परेमा वा कार्यालय स्थापना गर्नु परेमा देहायका विवरण र

कागज सहित तोकिए बमोजिमको ढाँचामा निवेदन  कार्यालयमा दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरिक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने सम्बन्धीत वडाको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योगको स्थानान्तरण वा शाखा खोल्नु पर्ने भए कारण खुल्ने निवेदन

(च) उद्योग संचालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्रदान गरेको भए त्यस्तो निकायको सहमति,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणिय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरि गराई  कार्यालयले तोकिए बमोजिम उद्योग स्थानान्तरणको लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

(३) उपदफा(१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव नदेखिएमा  कार्यालयले सोको जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

(४) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था  कार्यालय र नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**११. विवरण उपलब्ध गराउनुपर्ने :**

(१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि देहाय बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ :-

(क) लेखापरिक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत वा जडित क्षमता,

(घ) तोकिए बमोजिमको ढाँचामा तयार गरेको अध्यावधिक विवरण।

(ङ) उपदफा (१) को (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार आन्तरिक राजस्वको नियमानुसार लेखापरिक्षण प्रतिवेदन

(२) उपदफा (१) बमोजिम विवरण वा कागजात प्राप्त भएपछी कार्यालयले आफ्नो अभिलेख अध्यावधिक गरि सोको जानकारी सात दिनभित्र सम्बन्धीत उद्योगलाई दिनु पर्नेछ।

१२. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने :** यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी कार्यालयलाई तोकिए बमोजिम दिनु पर्नेछ।

**१३. उद्योगको दर्ता खारेजी गरेमा जानकारी दिनुपर्ने :**

(१) कुनै कारणले उद्योग संचालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि कार्यालय समक्ष देहाय बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ:-

(क) मान्यता प्राप्त मूल्यांकनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथा मुल्यांकन प्रतिवेदन,

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिवेदन,

(घ) लिक्विडेटर नियुक्ति गरेको भए त्यस्तो लिक्विडेटरले पेश गरको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ताको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनि सम्बन्धीत उद्यमीले गरेको स्व: घोषणा । तर उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्धाको अन्तिम किनारा हुँदाको बखत ठहर्न सक्ने दायित्व बराबरको रकम कार्यालयमा धरौटीको रुपमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैको निवेदन परेमा कार्यालयले सो उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए सो को प्रमाण सहित पैतीस दिन भित्र लिखित दाबी कार्यालय समक्ष पेश गर्न नगरस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न सम्बन्धीत उद्योगलाई आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार सो अवधिभित्र कसैको दाबी परि जाँचबुझ गर्दा त्यस्तो दाबी पूर्ण वा आंशिक रुपमा ठिक ठहरेमा ठहरे बमोजिमको दायित्व फरफारख गर्न नगरपालिकाले सम्बन्धीत उद्योगलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम नगरपालिकाले दिएको आदेश अनुसार सम्बन्धीत उद्योगले दायित्व फराफारख गरेको देखिएमा कार्यपालिकाले सात दिन भित्र सो उद्योग दर्ता खारेज गरि लगतकट्टा गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम कार्यपालिकाले दिएको आदेश बमोजिम फराफारकको कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन ।

**१४. उद्योगको स्थिर पूँजी वा क्षमता परिवर्तन वा हेरफेर गर्न स्वीकृति लिनुपर्ने :**

(१) कुनै उद्योगले यस ऐन बमोजिम उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर वा उद्योगको क्षमतामा परिवर्तन गर्न चाहेमा कार्यालय समक्ष उद्योगको हालको

अवस्थामा परिवर्तन गर्न खोजेको कारण र देहायका विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) तोकिए बमोजिमको उद्योगको अध्यावधिक विवरण,

(घ) उद्योगको प्रवन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदार विचको सम्झौताको प्रतिलिपि,

(च) अन्य कुनै निकायको सिफारिस आवश्यक पर्ने भए त्यस्तो निकायको सिफारिस पत्र ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको साविकको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न वा उद्योगको क्षमता परिवर्तन वा हेरफेर गर्न मनासिव देखिएमा कार्यालयले आवश्यकता अनुसार उद्योगको स्थलगत निरिक्षण गरि वा गराई प्रतिवेदन लिइ उद्योगको हाल कायम रहेको स्थिर पूँजीमा परिवर्तन वा हेरफेर वा उद्योगको क्षमता परिवर्तन वा हेरफेर गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद – ३
## उद्योगको वर्गिकरण

**१५. उद्योगको वर्गिकरण :**

(१) यस ऐनको प्रयोजनको लागि स्थानीय उद्योगहरुलाई देहाय बमोजिम वर्गिकरण गरिएको छ :-

(क) लघु उद्यम :- देहायको अवस्थामा भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रुपैंयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको संचालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोबार एक करोड रुपैंया भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिन खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बिस किलोवाट वा सोभन्दा कम रहेको।

(ख) घरेलु उद्योग :- देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ;

(१) परम्परागत सिप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सिप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विधुतीय उर्जा प्रयोग गरेको, र

(४) अनुसूची -१ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

(ग) साना उद्योग :- (१) लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैँयासम्म स्थिर पूँजी भएको उद्योग,

(२) उपदफा (१) मा उल्लेखित उद्योगलाई त्यस्ता उद्योगवाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गिकरण गरिनेछ :-

(क) उर्जामुलक उद्योग :- उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-२ मा उल्लेखित उद्योगहरु।

(ख) उत्पादनमुलक उद्योग :- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरि मालवस्तु उत्पादन गर्ने उद्योगहरु।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग:- कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन

पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धीत अनुसूची-३ मा उल्लेखित उद्योगहरु।

(घ) खनिज उद्योगहरु :- ढुंगा, गिट्टी, बालुवा लगायत नदिजन्य र खनिज पदार्थ उत्खनन वा प्रशोधन गरि कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु।

(ङ) पर्यटन उद्योग :- पर्यटन सेवासँग सम्बन्धीत अनुसूची-४ मा उल्लेखित उद्योगहरु।

(च) सूचना, प्रसारण तथा संचार प्रविधिमा आधारित उद्योग :- सूचना संकलन प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, संचार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-५ मा उल्लेखित उद्योगहरु।

## परिच्छेद - ४

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

**१६. कर सम्बन्धी छुट, सुविधा वा सहुलियत:-**

(१) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई संघिय कानून बमोजिम छुट सुविधा वा सहुलियतमा बन्देज लगाइने छैन ।

(२) यस ऐन अन्तर्गत दर्ता भएको उद्योगलाई आवश्यक परेमा नगरपालिकाले थप छुट सुविधा वा सहुलियत प्रदान गर्न सक्नेछ।

(३) स्थानीय उद्योगले पाउने छुट सुविधा र सहुलियत नगरपालिकाले तोके बमोजिम हुनेछ।

१७. **लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत :-** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर नियमावलीमा तोके बमोजिम हुनेछ।

१८. **जग्गा सम्बन्धी व्यवस्था :-** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धीत उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्नु पर्नेछ। तर तोकिए बमोजिमको उद्योग संचालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोहि व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा कार्यालयले जग्गा खरिद वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय वा सहजीकरण गर्न सक्नेछ ।

**१९.लिजमा जग्गा उपलब्ध गराउने :-** जग्गाको लिज सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**२०.छुट, सुविधा वा सहुलियतको प्रत्याभूति :-** यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भइ संचालनमा रहेका स्थानीय उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सिमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन।

**२१.औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था :-** प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार औद्योगिक सुरक्षाको अतिरिक्त स्थानीयस्तरमा सुरक्षित संचालनको वातावरण बनाई राख्न नगर कार्यपालिकाले आवश्यक सहयोग, समन्वय वा सहजीकरण गर्नेछ।

**२२.अनुदान दिन सक्ने :-** कुनै स्थानीय उद्योगलाई विपद, बन्द हड्ताल जस्ता आपतकालीन अवस्थामा उद्योगले अकल्पनीय क्षति व्यहोरेमा नगर कार्यपालिका तोके बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**२३.छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने :-** यस ऐन बमोजिम उद्योगले प्राप्त छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिईएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन।

## परिच्छेद – ५

## एकल विन्दु सेवा केन्द्र सम्बन्धी व्यवस्था

**२४.एकल विन्दु सेवा केन्द्र स्थापना :-**

(१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी एकल विन्दु सेवा केन्द्रको रुपमा कार्यालयले काम गर्नेछ।

(२) उपदफा (१) बमोजिम एकल विन्दु सेवा केन्द्र स्थापना नभएसम्मको लागि यस ऐन बमोजिम उद्योगले पाउने छुट, सुविधा वा सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउन नगर कार्यपालिकाले निर्णय गरी सो काम कार्यालयले गर्नेछ।

## परिच्छेद – ६

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**२५.सजाय सम्बन्धी व्यवस्था :-**

(१) कसैले निम्न बमोजिमको कार्य गरेमा निम्न बमोजिम सजाय हुनेछ;

क. कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा संचालन गरे वा नगरेको सम्बन्धमा कार्यालयले तोकिए बमोजिम आवश्यक अनुगमन, छानविन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा संचालन गरेको पाइएमा,

ख. दफा ८ बमोजिम वातावरण प्रतिकुल असरको निराकरण नगरेको पाइएमा,

ग. दफा १२ बमोजिम स्थानीय उद्योगले विवरण उपलब्ध नगरेको पाइएमा,

घ. दफा १३ बमोजिम तोकिएको विवरण तोकिएको अवधि भित्र उपलब्ध नगरेको पाइएमा,

ङ. दफा २४ बमोजिम स्थानीय उद्योगलाई प्राप्त छुट, सुविधा वा सहुलियत दुरुपयोग गरेको पाइएमा,

च. दफा ३४ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी पुरा नगरेमा,

(२) उपदफा (१) बमोजिमको कार्य गरेको ठहरिएमा प्रमुख प्रशासकिय अधिकृतले पच्चिस हजार देखि एक लाख सम्म जरिवाना तोक्न सक्नेछ।

२६. **पुनरावेदन सम्बन्धी व्यवस्था :-** दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद – ७

## स्थानीय उद्योग प्रवर्द्धन समिति

**२७. स्थानीय उद्योग प्रवर्द्धन समितिको गठन :-**

**(१)** लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रवर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कार्यालयले नगर प्रमुखको अध्यक्षतामा आवश्यकता अनुसार देहाएको निकाय र सरोकारवालाको प्रतिनिधित्व हुने गरि स्थानीय उद्योग प्रवर्द्धन समिति गठन गर्न सक्नेछ :-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) नगर कार्यपालिकाले नगर कार्यपालिका सदस्य मध्ये बाट मनोनयन गरेको एक जना दलित महिला सहित बढीमा दुई जना - सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय - सदस्य

(च) प्रमुख, जिल्ला तथा साना उद्योग कार्यालय / समिती - सदस्य

(छ) प्रतिनिधि, उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गर्ने संस्थाहरु मध्यबाट नगर प्रमुखले मनोनयन गरेको एक प्रतिनिधि - सदस्य

(ज) सम्बन्धी विषय हेर्ने, शाखा प्रमुख - सदस्य – सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ। समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धीत वडाको वडाअध्यक्ष, विषय विज्ञ, नगरपालिका स्थित स्थानीय उद्योगसँग सम्बद्ध छातासँगठनका प्रतिनिधि, सरोकारवाला निकाय एवं सम्बद्ध उद्योग व्यवसायी संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको गठित समितिको सचिबालयको काम कार्यालयले गर्नेछ।

(४) उपदफा (१) खण्ड (छ) बमोजिमका मनोनित सदस्यको कार्यअवधी दुई वर्षको हुनेछ ।

**२८. स्थानीय उद्योग प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा २८ बमोजिम गठन भएको स्थानीय उद्योग प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगीकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) नगरपालिकामा रहेका उद्योग संचालनमा कुनै बाधा, अड्काउ वा दुविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) स्थानीय उद्योगको विकास प्रवर्द्धन गर्ने,

(घ) औद्योगिक प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल गर्ने,

(ङ) नगरपालिकाको औद्योगिक विकासको स्थितिको समग्र मुल्यांकन तथा समिक्षा गरि आवश्यक कदम चाल्न नगरकार्यपालिका समक्ष सुझाव तथा सिफारिस गर्ने,

(च) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा सुविधा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाइ आइपरेमा सो को निराकरणका लागि आवश्यक पहल गर्ने,

(छ) उद्योगीको गुनासो सुनुवाई गरि समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धीत निकायलाई सिफारिस गर्ने,

(ज) नगरपालिकाको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाव दिने,

(झ) सार्वजनिक, निजि र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामन्जस्यपूर्ण सहकार्यमा नगरपालिकामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) जिल्लामा औद्यौगीकरणको गतिलाई तिब्रता दिन औद्योगिक पूर्वाधारको लागि आवश्यक कार्य गर्ने वा गराउने,

(ट) औद्योगिक ग्राम PPE (Public Private Engagement) सरकारी निजि सहकार्यता मोडेलमा स्थापना गर्न सहजीकरण गर्ने,

(ठ) उद्योग तथा लगानी प्रवर्द्धन सम्बन्धी स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग गर्ने,

(ड) स्वदेशी वस्तुको प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ढ) उद्योग क्षेत्रको विकास र प्रवर्द्धन लागि अन्य आवश्यक कार्य गर्ने,

(ण) उद्योग प्रवर्द्धनको लागि सम्बन्धीत प्रदेश तथा संघिय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने ।

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

## परिच्छेद – ८
## विविध

**२९. औद्योगिक जनशक्ति :-**

(१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरस्तरको पत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिक मध्येबाट उपलब्ध हुन नसकेमा श्रम विभागको सिफारिसमा श्रम स्वीकृति लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको संचालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्‌ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् । तर कामदार तथा कर्मचारीले आफ्ना जायज

मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुर्याएको मानिने छैन।

(४) उपदफा (२) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि नगरपालिकामा त्यस्ता विवाद पेश गर्न सकिनेछ। नगरपालिकाबाट भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षलाई मान्य हुनेछ।

३०.**रुग्ण उद्योगको पहिचान, वर्गिकरण र सुविधा, सहुलियत तथा छुट :-**

(१) संघिय सरकारको प्रचलित औद्योगिक व्यवसाय ऐन तथा नगरपालिकाको नियम अनुसार हुनेछ।

(२) रुग्ण उद्योगलाई दिनुपर्ने छुट सुविधा, सहुलियत वा अनुदान नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**३१.करार गरी उत्पादन गर्न सक्ने :-** (१) कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव- कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्ने कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरि करार वा उपकरारका आधारमा निश्चित परिणाममा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई छुट, सुविधा वा सहुलियत तोकी स्थानीय सरकारले उपलब्ध गराउन सक्नेछ :-

(क) करार वा उपकरारको आधारमा वस्तु वा सेवा उत्पादन गर्नको लागि पुरा गर्नुपर्ने मापदण्ड:-

(१) कार्यालयले तोकेबमोजिम निश्चित परिणाममा वस्तु वा सेवा उत्पादन गरेको,

(२) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तिमा तिस प्रतिशत मूल्य वृद्धि हुने गरी वस्तु वा सेवा उत्पादन गरेको,

(३) उद्योगले आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागी निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहलाई उपलब्ध गराएको,

(४) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

**३२. कोष सम्बन्धी व्यवस्था :-**

**(१)** कार्यालयले नगरको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजि तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष,

(ख) जोखिम पूँजी कोष,

(ग) प्रविधि विकास कोष,

(घ) औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष,

(ङ) रूग्ण उद्योग पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापन कोष,

(च) महिला उद्यमशिलता कोष ।

(२) उपदफा (१) मा उल्लेखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र संचालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकाको स्थापना र संचालन भएका कोषहरु यसै ऐन बमोजिम स्थापना र संचालन भएको मानिनेछ ।

३३. **व्यावसायिक सामाजिक जिम्मेवारी :-** स्थानीय उद्योगले पुरा गर्नु पर्ने व्यावसायिक सामाजिक जिम्मेवारी प्रचलित कानून र नियममा तोके बमोजिम हुनेछ ।

**३४. पुरष्कृत गर्न सकिने :-** नगर कार्यपालिकाले स्थानीय उद्योगहरु मध्येबाट आवश्यक मानक तयार गरी उत्कृष्ट स्थानीय उद्योगलाई पुरष्कृत गर्न सक्नेछ ।

**३५.बजार प्रवर्द्धन गर्न सक्ने :-** नगर कार्यपालिकाले स्थानीय उद्योगहरुको उत्पादनको बजार प्रवर्द्धन गर्न आवश्यक कार्यहरु गर्न सक्नेछ ।

३६. **औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गर्न सक्ने**:- औद्योगिक विकासको लागि पर्याप्त सम्भाबना र अवसर उपलब्ध रहेको नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमको मापदण्डका अधिनमा रही कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी PPE (Public Private Engagement) सरकारी निजि सहकार्यतामा औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लस्टर घोषणा गरी तोकिए बमोजिम सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

३७. **स्थानीय उद्योगको गुनासो व्यवस्थापन गर्ने :-** स्थानीय उद्योगलाई कुनै मर्का परेमा उल्लेखित मर्काको फेहरिस्त सहितको गुनासो कार्यालयमा पेश गर्न सक्नेछ । उक्त गुनासो उपर नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

३८. **बाधा अड्काउ फुकाउने अधिकार :-** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

३९. **अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने :-** कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

४०. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकार :-** यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

## अनुसूची – १

**(दफा १६ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धीत )**

उर्जामुलक उद्योग

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्य स्रोतहरुबाट उर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन / उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत प्रसारण लाईन,

३. विद्युत वितरण प्रणाली

# अनुसूची – २

## (दफा १६ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धीत )

घरेलु उद्योगहरु:-

१. ह्याण्ड लुम, पेडल लुम, सेमी – अटोमेटिक लुम, कपडा वार्पिंङ, परम्परागत प्रविधिबाट गरिने रंगाई, छपाइ, सिलाई (तयारि पोशाक बाहेक ) र बुनाइ,

२. उन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलौंचा, पश्मिना, पोशाक, हातेकागज र सी मा आधारित वस्तु

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला

५. तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकला सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन चांदीबाट हस्तनिर्मित गरगहन, वस्तु, भाँडा वर्तनहरु वहुमुल्य, अर्ध – वहुमुल्य तथा साधारण पत्थर जडान भएका समेत ),

८. स्वदेशमा उपलब्ध किमती, अर्ध किमती तथा साधारण पत्थर कटाई उद्योग, ग्रामिण छालाबाट हस्त निर्मित वस्तुहरु,

९. जुट, सवाई घाँस, चोया, बावियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुंगा कुंदी बनाईएका सामानहरु),

११. पौभा, थान्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृतिक दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ् तथा माटो, चट्टान र खानिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने इँटा उद्योग

## अनुसूची – ३

### (दफा १६ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धीत )

कृषि तथा वन पैदावार आधारित उद्योग

१. फलफुल खेति वा फलफुल प्रशोधन ,
२. खाधवस्तु प्रशोधन,
३. पशुपालन, पंक्षीपालन (अस्ट्रिच समेत ), पशुपंक्षि प्रजनन र मासु उत्पादन तथा प्रशोधन ,
४. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एबं प्याकेजिंग,
५. रेशम खेति तथा रेशम प्रशोधन,
६. चिया वगान, चिया प्रशोधन,
७. कफी खेति, कफी प्रशोधन,
८. तरकारी विउ, तरकारी प्रशोधन
९. तरकारी खेति, तरकारी प्रशोधन
१०. हरित गृह स्थापना र संचालन,
११. मौरीपालन ( मौरी प्रजनन्, मह उत्पादन र प्रशोधन)
१२. पुष्प खेति, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र विउ विजन उत्पादन समेत, नर्सरी व्यवसाय,
१३. रवर खेति, रवरको प्रारम्भिक प्रशोधन र संचालन, र शित भण्डार,
१४. नगदेबाली व्यावसायिक खेति तथा प्रशोधन (जस्तै: उखु, कपास, सनपट, सजीवन, स्विट सरघम, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलाबालि, दलहन आदि वेत बाँस खेति र वेत बाँसजन्य उत्पादनहरु,
१५. वनस्पति उधान स्थापना र व्यवस्थापन, वनस्पति प्रजनन् व्यवसाय( टिस्यु कल्चर समेत), विउविजन प्रशोधन,
१६. अन्य गैर कास्ठजन्य वन पैदावारमा आधारित

# अनुसूची – ४

## (दफा १६ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धीत )

पर्यटन उद्योग

पर्यटन आवस, मोटेल, होटेल, रोजोर्ट तथा रेस्टुराँ,

१. ट्राभल एजेन्सी, टुर अपरेटर, हिलिंग सेन्टर, क्यासिनो, मसाज स्पा,
२. सहासिक पर्यटन :- स्किंग, ग्लाईडीङ्ग, र्याफ्टिङ, हट एअर ब्यालुनिंग, क्यानोनिंग, प्यारा सेलिंग, घोडाचढी, वन्जी जम्पिंग, हिमाल आरोहण र अवलोकन,
३. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिंग, पदयात्रा,
४. ग्रामिण पर्यटन; होम स्टे तथा पर्यावरणीय पर्यटन,
५. मनोरंजन पार्क,
६. वन्यजन्तु आरक्ष,
७. माउन्टेन फ्लाइट संचालन

## अनुसूची – ५

### (दफा १६  को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धीत)

सूचना संचार प्रविधिमा आधारित उद्योग

खण्ड (क) सूचना प्रविधि उद्योग

(१) टेक्नोलोजी पार्क,

(२) आइ.टि. पार्क,

(३) बायोटेक पार्क,

(४) सफ्टवेयर विकास,

(५) कम्प्युटर तथा सम्बन्धीत सेवाहरु,

(६) तथ्यांक प्रशोधन ,

(७) साइवर क्याफे

(८) डिजीटल म्यापिंग

(९) डाटा माइनिंग

खण्ड (ग) सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटेलाईट टेलिभिजन, केबुल टेलिभिजन,

(३) अनलाईन सेवा

(४) डिजिटल केबुल टिभी नेटवर्क

(५) रेकोर्डिंग स्टुडियो, प्रसारण स्टुडियो,

(६) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हाल, फिल्म सिटि निर्माण, फ्लिम स्टुडियो निर्माण

आज्ञाले,
**नरहरी तिवारी**
प्रमुख प्रशासकीय अधिकृत